उद्योग, वाणिज्य तथा आपूर्ति
मन्त्रालयबाट

नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।१०।१० को निर्णय बमोजिम छोकडा भन्ने शब्द हटाई आनुषङ्गिक मिलाइएको प्रति।

सचिव

## उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारीलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावना:** उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारीलाई सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा १४ बमोजिम निर्णयकर्ताले अपनाउने कार्यविधिलाई व्यवस्थित र पारदर्शी बनाउन वाञ्छनीय भएकोले,

नेपाल सरकारले यो कार्यविधि बनाई लागू गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम "उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनको लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरिचको पैठारीलाई व्यवस्थित गर्ने सम्बन्धी कार्यविधि, २०७८" रहेको छ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "ऐन" भन्नाले निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ सम्झनु पर्छ।

(ख) "औद्योगिक प्रयोजन" भन्नाले औद्योगिक व्यवसाय ऐन, २०७६ बमोजिम स्थापना भएका उत्पादनमूलक उद्योगले कच्चा पदार्थको रुपमा प्रयोग गर्ने कार्य सम्झनु पर्छ।

(ग) "तोकिएको मालवस्तु" भन्नाले यस कार्यविधि बमोजिम सम्बन्धित उद्योगको उत्पादन क्षमता र खपतको आधारमा पैठारी गरी ल्याइने सुपारी, केराउ र मरिचलाई सम्झनु पर्छ।



सचिव

(घ) "नियम" भन्नाले निकासी पैठारी (नियन्त्रण) नियमहरु, २०३४ सम्झनु पर्छ।

(ङ) "पैठारी इजाजत" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि तोकिएको मालवस्तुको पैठारी इजाजत सम्झनु पर्छ।

(च) "तोकिएको माल वस्तुको पैठारी" भन्नाले यस कार्यविधिको प्रयोजनको लागि तोकिएको मालवस्तुको पैठारी सम्झनु पर्छ।

(छ) "मन्त्रालय" भन्नाले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्झनु पर्छ।

(ज) "विभाग" भन्नाले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग सम्झनु पर्छ।

(झ) "सूचित आदेश" भन्नाले खण्ड ६९, संख्या ११, नेपाल राजपत्र भाग ५, मिति २०७६/०३/०२ मा नेपाल राजपत्रमा प्रकाशित निकासी पैठारी सम्बन्धी सूचित आदेश सम्झनु पर्दछ र सो शब्दले ऐन, नियमबमोजिम समय समयमा जारी हुने अन्य सूचित आदेश समेतलाई जनाउनेछ।

३. <u>पैठारी इजाजत सम्बन्धी व्यवस्था:</u> (१) तोकिएको मालवस्तुको पैठारी इजाजत लिन चाहने उद्योगले सम्बन्धित उद्योगको उत्पादन क्षमता र खपत प्रवृतिको आधार खुलाई देहायका कागजात र विवरणसहित उद्योग विभागमा निवेदन दिनुपर्नेछः-

(क) इजाजतपत्र लिन चाहने उद्योगको नाम, ठेगाना, सम्पर्क नम्बर र इमेल,

(ख) इजाजतपत्र लिन चाहने उद्योगको सञ्चालक वा निजले तोकेको आधिकारिक प्रतिनिधिको नेपाली नागरिकता,

(ग) उद्योगको नवीकरण वा अद्यावधिक दर्ता प्रमाणपत्रको प्रतिलिपी,

(घ) स्थायी लेखा नम्बर र पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) निकासी पैठारी सङ्केत नम्बरको प्रतिलिपि,

(च) उद्योग सञ्चालनको अवस्था र चालू आर्थिक बर्षको लक्ष्य,

(छ) उद्योगको वार्षिक स्वीकृत स्कीम र वार्षिक उत्पादन,

(ज) सम्वन्धित उद्योगले प्रमाणित गरेको बिक्री विवरण,

(झ) उद्योगको जडान एवं स्वीकृत क्षमता,



सचिव

(ञ) तोकिएको मालवस्तुको उत्पादनकर्ता वा निकासीकर्ताको प्रोफर्मा इन्भ्वाईस वा सम्झौता,

(ट) तोकिएको मालवस्तुको निकासीकर्ता, सिपिङ् हुने मुलुक, पैठारी गरिने परिमाण, मूल्य र भन्सार विन्दु,

(ठ) अघिल्लो आर्थिक वर्षमा पैठारीको इजाजत प्राप्त गरेको भए सो बमोजिमको पैठारी भएको विवरण।

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि उद्योग विभागले आवश्यक जाँचबुझ गरी सम्बन्धित उद्योगको स्वीकृत स्कीम, उत्पादन क्षमता, खपत प्रवृत्ति, माग र आपूर्ति स्थितिको विश्लेषण, हालको उत्पादन अवस्था लगायतका विषय तथा विगत पाँच वर्षको उत्पादनको अवस्था र त्यस्तो कच्चा पदार्थको उपयोग वा प्रयोग हेरी सम्बन्धित उद्योगको लागि आवश्यक पर्ने कच्चा पदार्थको आवश्यकता एकिन गर्नुका साथै आवश्यक पर्ने कच्चा पदार्थको परिमाण प्रमाणित गरी तोकिएका मालवस्तु पैठारीको लागि विभागमा सिफारिस गर्नु पर्नेछ। यसरी सिफारिस भएका मालबस्तुहरुको अभिलेख उद्योग विभागले व्यवस्थित रुपमा राख्नुपर्नेछ।

४. <u>पैठारी इजाजत जारी गर्न सक्ने:</u> (१) सम्वन्धित उद्योगले नियमको अनुसूची-२ को ढाँचामा पेश गरेको दरखास्त फारम बमोजिम उद्योग विभागको सिफारिसमा विभागले औद्योगिक प्रयोजनको लागि तोकिएको मालवस्तु सम्बन्धित उद्योग आफैंले आयात गर्ने गरी पैठारी इजाजत जारी गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम इजाजत जारी गरिएका तोकिएका मालवस्तुको अभिलेख विभागले व्यवस्थितरुपमा राख्नुपर्नेछ। यस्तो पैठारी इजाजतपत्रको ढाँचा नियमको अनुसूची-४ बमोजिम हुनेछ।

(३) उपदफा (१) बमोजिम इजाज़त जारी गर्दा वार्षिक स्वीकृत स्कीम र परिमाणको सीमाभित्र रही विभागले एक पटकमा बढीमा दुई सय मेट्रिक टनको पैठारी इजाजत दिन सक्नेछ।

(४) यस कार्यविधि बमोजिम इजाजत प्राप्त पैठारीको परिमाण नेपाल भित्रिएको एकिन गर्नुका साथै औद्योगिक प्रयोजनको लागि खपत भएको भनी उद्योग विभागबाट सिफारिस भई आएमा स्वीकृत स्कीम भित्रको परिमाण पैठारीको लागि विभागले पुन: अनुमति दिन सक्नेछ।

५. <u>पैठारी इजाजत दस्तुर</u>ः विभागले तोकिएका मालवस्तुको पैठारी इजाजत दिँदा लाग्ने दस्तुर खण्ड ६९, संख्या ११, नेपाल राजपत्र भाग ५, मिति २०७६/०३/०२ मा नेपाल राजत्रमा प्रकाशित सूचित आदेशमा तोकिए बमोजिम हुनेछ।

६. <u>तोकिएका मालवस्तु पैठारी गर्ने उद्योगले पालना गर्नुपर्ने शर्तः</u> तोकिएको मालवस्तु पैठारी गर्ने उद्योगले प्रचलित कानूनको अतिरिक्त देहायका शर्त समेत पालना गर्नु, गराउनु पर्नेछः

(क) इजाजत प्राप्त उद्योगले तोकिएको मालवस्तुको पैठारी गरेकोमा त्यसको सात दिनभित्र नियमको अनुसूची-६ बमोजिमको ढाँचामा विवरण भरी विभागसमक्ष पेश गर्नु पर्नेछ,

(ख) पैठारी गरिएका तोकिएका मालवस्तु पुनः निकासी गर्न वा अन्यत्र कतै बिक्री गर्न पाइने छैन,

(ग) जुन प्रयोजनका लागि तोकिएको मालवस्तु पैठारी गरेको हो, सोही प्रयोजनको लागि मात्र उपयोग गर्नु पर्नेछ,

(घ) मन्त्रालय वा विभागले माग गरेको कागजात र विवरण समयमै उपलब्ध गराउनु पर्नेछ,

(ङ) उद्योग विभागको सिफारिस बमोजिम विभागले पैठारी अनुमति दिएको तोकिएको मालवस्तुको खरिद परिमाण, लागत र मौज्दातको विवरण विभागमा पठाउनु पर्नेछ,

(च) यस कार्यविधि बमोजिम तोकिएको मालवस्तु पैठारी गर्ने सम्बन्धित उद्योगले व्यवस्थित तवरले अभिलेख गरी राख्नु पर्नेछ,

(छ) उद्योग विभागबाट माग गरिएको विवरण उपलव्ध गराउनु पर्नेछ,

(ज) यस कार्यविधि बमोजिम नियमन तथा अनुगमन गर्दा विभागलाई सहयोग गर्नु पर्नेछ,

(झ) नेपाल राष्ट्र बैङ्कले पैठारी सम्बन्धमा जारी गरेका शर्त तथा निर्देशन पालना गर्नु पर्नेछ, र

(ञ) तोकिएको मालवस्तु पैठारी सम्बन्धमा वाणिज्य बैङ्कमार्फत गरेका सम्पूर्ण आर्थिक कारोवारको विवरण र नेपाल राष्ट्र बैङ्कबाट जारी भएको



सचिव

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

शर्त तथा निर्देशन पालना सम्बन्धी प्रतिवेदन नेपाल राष्ट्र बैङ्क र विभागमा बुझाउनु पर्नेछ।

७. निरीक्षण तथा अनुगमन (१) देहाय बमोजिमको समितिले यस कार्यविधि बमोजिम इजाजत प्राप्त उद्योगले पैठारी गरेको तोकिएको मालवस्तु सम्बन्धित उद्योगले आफ्नै उद्योगको उत्पादन प्रयोजनको लागि उपयोग गरे वा नगरेको भन्ने सम्बन्धमा अनुगमन तथा स्थलगत निरीक्षण गर्न सक्नेछ।

(क) उद्योग विभागको निर्देशक- संयोजक

(ख) विभागको निर्देशक- सदस्य

(ग) सम्बन्धित आन्तरिक राजस्व कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि शर्त परिपालनाको निरीक्षण, जाँचबुझ तथा अनुगमन आवश्यकतानुसार मन्त्रालयले गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम समितिले नियमन, अनुगमन तथा स्थलगत निरीक्षण गर्दा यस कार्यविधि बमोजिम तोकिएको मालवस्तु पैठारी गर्ने सम्बन्धित उद्योगले त्यस्तो वस्तुको उपयोग भइरहेको स्थान, अवस्था तथा सो सम्बन्धी कागजात लगायत विभागबाट माग भएका अन्य विवरण उपलब्ध गराउनु पर्नेछ।

(४) कुनै उद्योगले यस कार्यविधि बमोजिमको कागजात तथा विवरण नबुझाएमा वा नियमन, अनुगमन तथा स्थलगत निरीक्षण गर्न बाधा विरोध गरेमा त्यस्तो उद्योगले प्राप्त गरेको तोकिएको मालवस्तुको पैठारी गर्ने इजाजत पत्र विभागले खारेज गर्न सक्नेछ।

(५) इजाजत प्राप्त उद्योगले ऐन नियमहरु र यस कार्यविधि विपरितको क्रियाकलाप गरेको पाइएमा विभागले त्यस्तो उद्योगलाई प्रचलित कानून बमोजिम कारवाही गर्नेछ।

(६) यस कार्यविधि बमोजिम पैठारी गरिएका तोकिएका मालवस्तुको "कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२" को वर्खिलाप हुने गरी कार्य गरे गराएको पाइएमा विभागले अधिकार प्राप्त निकायमा कारबाहीको लागि सिफारिस गर्नेछ।

८. संशोधन गर्न सकिनेः औद्योगिक प्रयोजन बाहेक अन्य प्रयोजनको लागि तोकिएका वस्तुहरुको आयात इजाजत प्रदान गर्नु परेमा नेपाल सरकारले यस कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।



सचिव

९. <u>बाधा अड्काउ फुकाउने अधिकार</u>: यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा मन्त्रालयले यस्तो बाधा अड्काउ फुकाउन सक्नेछ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
सिंहदरबार, काठमाडौं

सचिव